**संयुक्त प्रेस विज्ञप्ति**

**तत्काल प्रकाशनका लागि**

**२०७८ असार १२**

**काठमाडौं, नेपाल**

## नेपाल : यातना तथा दुर्व्यवहारको अपराधमा पीडितलाई न्यायबाट निरन्तर वञ्चित पारिँदै - शीघ्र, विस्तृत र प्रभावकारी अनुसन्धान सुनिश्चित गर्न स्वतन्त्र संयन्त्र आवश्यक

यातनाविरुद्धको अन्तर्राष्ट्रिय दिवस (२६ जुन) को अवसरमा मानब अधिकार पीडित समूह एवं राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार संगठनहरू यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारका सबै कार्यको प्रभावकारी अनुसन्धान र अभियोजन गर्नका लागि तत्कालै एक स्वतन्त्र संयन्त्र गठन गर्न नेपाल सरकारलाई आह्वान गर्दछन् । नेपाल पक्षराष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी अनुबन्ध लगायतका अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धिहरूले नेपाललाई यातना तथा अन्य दुर्व्यवहारका कार्यको अनुसन्धान र अभियोजन गर्न, पीडकलाई सजाय दिन तथा पीडितहरूलाई प्रभावकारी उपचार र परिपूरण उपलब्ध गराउने दायित्व निर्धारण गरेका छन् । तथापि यी दायित्वहरूलाई पालना गर्न नेपाल विफल भएको छ ।

यससँगै थुनुवाका र यातना पीडितलगायत जोखिममा रहेका समूहमा जारी कोभिड-१९ महामारीको असर व्यापक रहेकोछ । थुनाको वैधतालाई निगरानी गर्ने अदालतहरूको सीमित क्षमता र थुनुवाहरूलाई परिवारका सदस्य तथा कानूनव्यवसायीमा पहुँचको अभावका कारण गैरकानूनी थुनामा राख्ने घटनामा वृद्धि भएको तथ्यलाई मानवअधिकार संगठनहरूले अभिलेखीकरण गरेका छन् । नियमित स्वास्थ्य सेवामा सीमित पहुँच, कमजोर आर्थिक स्थिति तथा बढ्दो अनिश्चितताका कारण यातनापीडितको मनोसामाजिक स्वास्थ्य थप बिग्रिएको छ ।

नेपालको यातनासम्बन्धी पहिलो कानून यातना क्षतिपूर्ति ऐन, २०५३ अन्तर्राष्ट्रिय मापदण्डअनुकूल छैन । यस ऐनअन्तर्गत मुद्दा दायर गर्ने पीडितहरूले न्याय पाएका छैनन् किनकि यसका प्रावधानहरू अत्यन्तै नियन्त्रणात्मक र त्रुटिपूर्ण रहेका छन् । अपराध संहिता, २०७४ ले यातनालाई फौजदारी अपराधको रूपमा परिभाषित गरेको कुरा स्वागतयोग्य थियो जसले पीडितहरूमा न्यायको लागि केही आशा जगाएको थियो । तर अपराध संहिताअन्तर्गत दायर गरिएको कुनै पनि मुद्दामा अहिलेसम्म सफल अभियोजन हुन नसकेको तथ्यले यातना तथा यातनाको सम्बन्धमा विद्यमान दण्डहीनता अन्त्य गर्ने नेपालको प्रतिबद्धतामा शंका पैदा गरेको छ । आफ्ना सहकर्मीहरूलाई संरक्षण गर्ने प्रयासअनुसार प्रहरी अधिकृतहरूबाट भएका यातना वा अन्य दुर्व्यवहारमा जाहेरी दर्ता गर्न प्रहरीले अस्वीकार गर्ने गरेका छन् ।

विगत दशकहरूले देखाएझैं नेपाल प्रहरीले स्व-नियमन गर्न इन्कार गरेको छ । सुरक्षाकर्मीहरूले गरेको मानवअधिकार उल्लंघनमा विद्यमान दण्डहीनताको अवस्थालाई मध्यनजर गर्दै हालै सर्वोच्च अदालतले प्रहरीबाट भएको मानवअधिकार उल्लंघनका घटनामा अनुसन्धान तथा अभियोजन गर्नका लागि एक स्वतन्त्र संयन्त्र गठन गर्न सरकारलाई आदेश दिएको छ । त्यसैले तपसिलका संस्थाहरू सरकारी अधिकारीहरूलाई निम्न कुरा सुनिश्चित गर्न आह्वान गर्छन् :

- यातनाका सबै कार्यको अनुसन्धान तथा अभियोजन सुनिश्चित गर्नका लागि स्वतन्त्र संयन्त्र गठन गर्ने,
- पीडितहरूको प्रभावकारी उपचार प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने,
- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी महासन्धिको ऐच्छिक आलेखको पक्षराष्ट्र बन्ने, र
- कोभिड-१९ को बहानामा व्यक्तिहरूलाई अवैध थुनामा राख्ने, यातना दिने वा दुर्व्यवहार गर्ने कार्य बन्द गर्ने ।

**हस्ताक्षर गर्ने संस्थाहरू**

| राष्ट्रिय संस्थाहरू | | | |
|---|---|---|---|
| १ | जवाफदेहिता निगरानी समिति (एडब्ल्यूसी) | २ | वकालत मञ्च नेपाल (एएफ) |
| ३ | अलायन्स फर सोसल डायलग (एएसडी) | ४ | एम्नेस्टी इन्टरनेसनल-नेपाल |
| ५ | नीलहीरा समाज नेपाल | ६ | सेन्टर फर लिगल स्टडीज (सिएलएस) |
| ७ | सिभिल राइट्स एसोसिएसन नेपाल | ८ | शान्तिका लागि साझा अभियान ( कोक्याप) |
| ९ | द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल | १० | द्वन्द्वपीडित राष्ट्रिय सञ्जाल |
| ११ | द्वन्द्वपीडित साझा चौतारी | १२ | न्यायका लागि द्वन्द्वपीडित समाज |
| १३ | लोकतान्त्रिक स्वतन्त्रता तथा मानवअधिकार संस्था (डीएफएआरआई) | १४ | डिग्निटी मिडिया |
| १५ | बहिर्गमित जनमुक्ति सेना नेपाल (डी-प्लान) | १६ | व्यक्तिको अधिकार रक्षा मञ्च नेपाल |
| १७ | नेपाल पुनरस्थापकीय न्याय मञ्च | १८ | महिला कानून तथा विकास मञ्च ( एफडब्ल्यूएलडी) |
| १९ | महिला पत्रकार तथा सञ्चार मञ्च ( सञ्चारिका समूह) | २० | गणेश उज्जन स्मृति प्रतिष्ठान |
| २१ | मानव अधिकार तथा न्याय केन्द्र ( | २२ | न्यायका लागि मानव अधिकार |

| | | | |
|---|---|---|---|
| | एचआरजेसी) | | |
| २३ | राष्ट्रिय मानव अधिकार प्रतिष्ठान (हुर्पोन) | २४ | मानव अधिकार संगठन (हुरोन) |
| २५ | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) | २६ | मानवअधिकार, वातावरण तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय संस्था (इन्हुरेड इन्टरनेसनल) |
| २७ | जागरण मिडिया सेन्टर (जेएमसी) | २८ | न्याय तथा अधिकार संस्था (ज्युरी-नेपाल) |
| २९ | सामाजिक न्यायका लागि कानून तथा नीति मञ्च (ल्यापसोज) | ३० | कानूनी सहायता तथा परामर्श केन्द्र नेपाल (एलएसीसी) |
| ३१ | मैना बाल विकास समिति | ३२ | शहीद तथा बेपत्ता लडाकू परिवार प्रतिष्ठान |
| ३३ | नागरिक आवाज | ३४ | महिला मानव अधिकार रक्षक राष्ट्रिय सञ्जाल |
| ३५ | अपांग द्वन्द्वपीडितहरूको राष्ट्रिय सञ्जाल | ३६ | बेपत्ता परिवारको राष्ट्रिय सञ्जाल |
| ३७ | नेपाल कानून तथा नीति केन्द्र | ३८ | नेपाल पीस बिल्डिङ इनिसिएटिभ |
| ३९ | पीस एन्भिजनरर्स | ४० | सार्वजनिक प्रतिरक्षक समाज नेपाल ( पीडीएस-नेपाल) |
| ४१ | संकल्प | ४२ | तरङ्गिणी फाउन्डेशन |
| ४३ | तराई मानवअधिकार रक्षक संजाल ( टीएचआरडी अलायन्स) | ४४ | द स्टोरी किचन |
| ४५ | बहुसांस्कृतिक मनोसामाजिक संस्था (टीपीओ-नेपाल) | ४६ | भ्वाइसेस अफ वुमन मिडिया (भाओ मिडिया) |
| ४७ | मानव अधिकारका लागि एकल महिला (डब्लु एच आर) | ४८ | महिला पुनःस्थापना केन्द्र (ओरेक) |
| **अन्तर्राष्ट्रिय संस्थाहरू** | | | |
| ४९ | एसियन अलायन्स अगेन्स्ट टर्चर | ५० | एसियन जस्टिस एण्ड राइट्स (एजेएआर) |
| ५१ | एसियन ह्युमन राइट्स कमिसन ( एएचआरसी) | ५२ | इन्टरनेशनल कमिसन अफ ज्यूरिस्ट ( आईसीजे) |
| ५३ | इन्टरनेशनल फेडरेशन फर ह्युमन राइट्स | ५४ | ट्रायल इन्टरनेशनल |
| ५५ | ट्रन्जिशनल जस्टिस एसियन नेटवर्क | | |